नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.:-२०८१/०८२ चलानी नं.:- ९८९

मितिः-२०८१/०८/११

ने.सं.११४४ कछलागा ११

विषयः- विवरण उपलब्ध गराईदिने सम्बन्धमा।

श्री गाउँपालिका (सबै)।

श्री नगरपालिका (सबै)।

प्रस्तुत विषयमा राष्ट्रिय योजना आयोग, समपूरक तथा विशेष अनुदान शाखाको प.सं. २०८१/०८२, च.नं. १२०, मिति २०८१/०८/०६ को पत्र र सोसाथ प्राप्त विवरण आवश्यक जानकारी तथा कार्यार्थ यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

२०८०/८/११

(प्रज्ञा ढकाल)

शाखा अधिकृत

बोधार्थ:

श्री राष्ट्रिय योजना आयोग, समपूरक तथा विशेष अनुदान शाखा, सिंहदरबार, काठमाडौं।

श्री सूचना प्रविधि शाखाः-Website मा Upload गरिदिनुहुन।

सिंहदरबार, काठमाडौं फोन नं:- ४२००३०४

ईमेलः- cmmofald@gmail.com/ local.level.coordination@mofaga.gov.np

वेवसाईटः- www.mofaga.gov.np

नेपाल सरकार

# राष्ट्रिय योजना आयोग

अत्यन्त जरूरी

**(समपूरक तथा विशेष अनुदान शाखा)**

पत्र संख्या: ०८१/८२

चलानी संख्या: १२०

सिंहदरबार, काठमाडौं

**मिति:** २०८१/०८/०६

**विषय:** विवरण उपलब्ध गराईदिने सम्बन्धमा।

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाण्डौं।

नेपाल सरकारबाट आ.व.२०७५/७६ देखि हालसम्म स्थानीय तहमा प्रदान गरिएको सङ्घीय समपूरक तथा विशेष अनुदानको व्यवस्थापन राष्ट्रिय योजना आयोगबाट भईरहेको बेहोरा अवगत नै छ। यस सन्दर्भमा सङ्घीय समपूरक तथा विशेष अनुदानबाट संचालन हुने गरी स्वीकृत भई कार्यान्वयनमा गएका तपसिलमा उल्लिखित प्रकृतिका आयोजनाको हकमा सबै स्थानीय तहबाट तोकिएको ढाँचामा मिति २०८१/०८/१८ सम्ममा प्राप्त हुने गरी विवरण माग गर्ने राष्ट्रिय योजना आयोगको मिति २०८१/०८/०६ (मा. उपाध्यक्षस्तर) को निर्णयानुसार तहाँ मन्त्रालयबाट संलग्न ढाँचासहितको सूचना सबै स्थानीय तहमा प्रवाह गरिदिने व्यवस्थाका लागि अनुरोध छ।

साथै राष्ट्रिय विकास समस्या समाधान समितिको ५३औं बैठकको निर्णयानुसार अनुदानको उद्देश्यअनुरुप मौजुदा समपूरक अनुदान तथा विशेष अनुदान (तेश्रो संशोधन) कार्यविधि, २०७५ मा समसामयिक सुधार गर्न अध्ययन मूल्यांकनको प्रक्रिया अघि बढाईएको हुँदा सबै स्थानीय तहबाट आवश्यक सुझाव समेत उपलब्ध गराईदिने व्यवस्थाका लागि निर्णयानुसार अनुरोध छ।

**तपसिल:**

१. सम्पन्न भईसकेको आयोजनामा चालु आ.व. २०८१/८२ मा बजेट विनियोजन भई खर्च नहुने अवस्था भए सोको विवरण
२. चालु आ.व. २०८१/८२ मा सम्पूर्ण बजेट खर्च नहुने अवस्था भए सोको विवरण
३. विगत आ.व.मा स्वीकृत भई सम्पन्न भएका तर भुक्तानी बाँकी वा यस आ.व.मा बजेट विनियोजन नभएका निर्माणाधीन आयोजना भए सोको विवरण

(रमेश पराजुली)
**योजना अधिकृत**

**पुनश्च:** संलग्न ढाँचा अनुसारको विवरण Google Sheet (https://tinyurl.com/5n9b7tt6) मा प्रविष्टि गरी प्रेषित गरिदिनुहुन।

**ईमेल:** csgrants@npc.gov.np

### सम्पन्न भईसकेको आयोजनामा चालु आ.व. २०८१/८२ मा बजेट विनियोजन भई खर्च नहुने अवस्था भए सोको विवरण

रकम (रु. लाख)

| क्र.सं. | स्थानीय तहको नाम | अनुदान प्रकार (समपूरक/विशेष) | आयोजनाको नाम | स्वीकृत आव | आयोजना अवधि | कूल लागत | कूल ठेक्का रकम | ठेक्का सम्पन्न मिति | कूल विनियोजन | चालु आ.व.मा भएको बजेट विनियोजन | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ |
| १ | | | | | | | | | | | |
| २ | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | |

### चालु आ.व. २०८१/८२ मा सम्पूर्ण बजेट खर्च नहुने अवस्था भए सोको विवरण

रकम (रु. लाख)

| क्र.सं. | स्थानीय तहको नाम | अनुदान प्रकार (समपूरक/विशेष) | आयोजनाको नाम | स्वीकृत आव | आयोजना अवधि | कूल लागत | कूल ठेक्का रकम | कूल विनियोजन | चालु आ.व.मा भएको बजेट विनियोजन | चालु आ.व.मा खर्च नहुने रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ |
| १ | | | | | | | | | | | |
| २ | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | |

### विगत आ.व.मा स्वीकृत भई सम्पन्न भएका तर भुक्तानी बाँकी वा यस आ.व.मा बजेट विनियोजन नभएका निर्माणाधीन आयोजना भए सोको विवरण

रकम (रु. लाख)

| क्र.सं. | स्थानीय तहको नाम | अनुदान प्रकार (समपूरक/विशेष) | आयोजनाको नाम | स्वीकृत आव | आयोजना अवधि | कूल लागत | कूल ठेक्का रकम | ठेक्का सम्पन्न मिति | कूल विनियोजन | आयोजनाको अवस्था (सम्पन्न/निर्माणाधीन) | कूल खर्च रकम | आयोजना सम्पन्न गर्न वा भुक्तानी गर्न बाँकी रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ |
| १ | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | | | |

नेपाल सरकार
राष्ट्रिय योजना आयोग
सिंहदरबार, काठमाडौं